मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

Purwanchal National Daily

◆ वर्ष : २७ ◆ अङ्क : ७१ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७८ माघ १३ गते बिहीवार (Thursday, January 27. 2022) नेपाल सम्वत् ११४२ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## विवाह गर्ने भन्दै बालिकालाई फकाएपछि...

**झापा, माघ १२।** मानव बेचबिखनमा संलग्न रहेको अभियोगमा अर्घाखाँची सन्धिखर्क नगरपालिका-७ घर भई हाल चितवन भरतपुर महानगरपालिका-१ पोखरा बसपार्क बस्ने २८ वर्षीय राजु अधिकारीलाई प्रहरीले पक्राउ गरेको छ।

बैतडी घर भएकी १४ वर्षीया बालिका माघ ७ गतेदेखि घरबाट सम्पर्कबिहीन भएको घटनाको अनुसन्धान एवम् खोजतलास गर्ने क्रममा पर्सा वीरगञ्ज महानगरपालिका-१६स्थित शंकराचार्य गेट हुँदै भारततर्फ लैजान लागेको अवस्थामा बालिकालाई फेला पारी

*(बाँकी अन्तिम पृष्ठमा)*

## जनसंख्या: २,९१,९२,४८०

- बृद्धिदर घट्यो
- पुरुषभन्दा महिला ६ लाख बढी
- झापा धेरै जनसंख्या हुने जिल्लाको चौथो स्थानमा

**झापा, माघ १२।** अघिल्लो जनगणनाको तुलनामा यस पटकको जनगणनामा महिलाको जनसङ्ख्या थप बढ्दो देखिएको छ।

राष्ट्रिय जनगणना-२०७८ को प्रारम्भिक नतिजाअनुसार मुलुकको जनसंख्या दुई करोड ९१ लाख ९२ हजार ४८० रहेकामा एक करोड ४९ लाख एक हजार १६९ जना महिला (५१.०४%) र एक करोड ४२ लाख ९१ हजार ३११ जना पुरुष (४८.९६%) रहेका छन्।

दश वर्षअघि २०६८ सालको जनगणनामा कूल जनसङ्ख्या दुई करोड ६४ लाख ९४ हजार ५०४ रहेकामा पुरुष र महिलाको हिस्सा क्रमशः ४८.५% र ५१.५% रहेको थियो। हालको प्रारम्भिक नतिजा अनुसार लैङ्गिक अनुपात (प्रति १०० महिलामा पुरुषको संख्या) ९५.९१ रहेको राष्ट्रिय योजना आयोग मातहतको केन्द्रीय तथ्याङ्क विभागले सार्वजनिक गरेको प्रारम्भिक नतिजामा उल्लेख छ। गत जनगणनामा प्रति सय महिलामा पुरुषको सङ्ख्या ९४.१६ रहेको थियो।

कूल जनसंख्या अघिल्लो गणनाको तुलनामा २६ लाख ९७ हजार ९७६ ले बढी हो। यसरी हेर्दा दश वर्षमा नेपालको जनसंख्या १०.१८% ले बढेको देखिएको छ। विगत दश वर्षको सरदर वार्षिक वृद्धिदर ०.९३% रहेको र जुन अघिल्लो जनगणनामा १.३५% रहेको विभागले जनाइको छ। यस जनगणनामा पहिलो चरणको स्थलगत कार्य विसं २०७८ भदौ ३०देखि असोज १८ गतेसम्म र दोस्रो चरणको स्थलगत कार्य वि.सं. २०७८ कात्तिक २५ देखि २०७८ मंसीर ९ गतेसम्म सम्पन्न भएको थियो।

राष्ट्रिय जनगणना २०७८को प्रदेश तथा जिल्लास्तरमा व्यवस्थापकीय कार्यका लागि एक हजार ८७१ कर्मचारी र स्थलगत कार्यमा करिब आठ हजार ५०० सुपरिवेक्षक तथा ३९ हजार गणक संलग्न थिए। दुवै चरणको स्थलगत कार्य सम्पन्न भई भरिएका फाराम (घर तथा घरपरिवार सूचीकरण फाराम, मुख्य प्रश्नावली तथा सामुदायिक प्रश्नावली) केन्द्रीय तथ्याङ्क विभागमा प्राप्त भई प्रशोधन थालिएको हो।

**कति परिवार थपिए ?**

प्रारम्भिक नतिजा अनुसार नेपालमा अक्सर बसोबास गर्ने परिवारको संख्या ६७ लाख ६१ हजार ५९ रहेको छ र ती परिवार जम्मा ५६ लाख ४३ हजार ९४५ घरमा बसेका देखिएको छ। यसबमोजिम १० घरमा औषतमा १२ परिवार बसोबास गरेको देखिन्छ। हालको परिवार सङ्ख्या दश वर्षअघिको भन्दा करिब २४.५७% ले वृद्धि भएको हो। यस अवधिमा जम्मा १३ लाख ३३ हजार ७५७ परिवार थप भएको देखिन्छ। परिवारको आकारप्रति परिवार ४.३२ जना सदस्य रहेको देखिन्छ, जुन २०६८ मा ४.८८ जना थियो।

शहरी क्षेत्रका परिवारमा सालाखाला ४.२५ जना रहेका छन् भने ग्रामीण क्षेत्रमा ४.५५ जना रहेको देखिन्छ, जुन दश वर्षअघि क्रमशः ४.३२ जना र ५.०२ जना थियो। भौगोलिक क्षेत्रानुसार हेर्दा हिमाली क्षेत्रमा सालाखाला ४.२७ जना, पहाडमा ३.९५ जना र तराई क्षेत्रमा ४.६५ जना प्रतिपरिवार रहेको देखिन्छ।

प्रदेशगत आधारमा हेर्दा परिवारमा औसत सदस्य सङ्ख्या गण्डकी प्रदेशमा सबैभन्दा कम (३.६६ जना) र मधेश प्रदेशमा सबैभन्दा बढी (५.६६ जना) रहेको छ जुन २०६८ सालमा क्रमशः ४.१६ जना र ५.८० जना रहेको थियो। जिल्लाअनुसार परिवारको आकार सबैभन्दा सानो दोलखामा (३.४१ जना) देखिएको छ भने परिवारको आकार सबैभन्दा ठूलो रौतहटमा ५.९२ जना देखिएको छ।

**तराईमा जनसंख्या बढ्यो**

भौगोलिक क्षेत्र अनुसार कूल जनसंख्याको वितरणमा तराई क्षेत्रको अंश २०६८ सालको तुलनामा २०७८ मा वृद्धि भएको देखिएको छ। वि.सं. २०६८ को जनगणनामा तराईमा कूल जनसंख्याको ५०.२७% हिस्सा रहेकामा २०७८ मा वृद्धि भई ५३.६६% पुगेको छ। हिमाली क्षेत्रमा कूल जनसङ्ख्याको ६.७३ प्रतिशत अंश रहेकामा २०७८ मा केही कम भई ६.०९% रहेको देखिन्छ।

त्यसैगरी पहाडी क्षेत्रमा २०६८ मा ४३.०१% अंश रहेकामा हाल ४०.२५%मा झरेको छ। दश वर्षको अवधिमा लैङ्गिक अनुपात तराईमा १% विन्दुले घटेको देखिन्छ भने हिमाल तथा पहाडमा क्रमशः ३% र ४% विन्दुले बढेको देखिन्छ। यो गत २०६८ को जनगणनामा हिमाल, पहाड र

*(बाँकी अन्तिम पृष्ठमा)*

राष्ट्रियसभा सदस्य निर्वाचन

# गठबन्धनका उम्मेदवारको जित

## प्रदेश १ : गोपालकुमार बस्नेत, जयन्ती राई र सोनाम गेल्जेन शेर्पा विजयी





**झापा, माघ १२।** झापा बिर्तामोड-१ निवासी राजनीतिककर्मी गोपालकुमार बस्नेत राष्ट्रियसभा सदस्य पदमा निर्वाचित भएका छन्।

बुधवार सम्पन्न निर्वाचनमा पाँच दलीय गठबन्धनका तर्फबाट नेपाली कांग्रेसका उम्मेदवार बनेका बस्नेत राष्ट्रियसभा सदस्य निर्वाचित भएका हुन्। उनीसंगै गठबन्धनकै नेकपा एकीकृत समाजवादी पार्टीकी जयन्ती देवी राई बिजयी भइन्।

गठबन्धनका उम्मेदवार हेमराज राईलाई पराजित गर्दै एमालेका उम्मेदवार सोनाम गेल्जेन शेर्पा अपाङ्गता भएका व्यक्ति वा अल्पसंख्यकतर्फबाट विजयी भएका छन्।

गठबन्धनका तर्फबाट उम्मेदवार बनेका झापा बिर्तामोड निवासी बस्नेतले नेकपा एमालेका उम्मेदवार गुरु बरालाई पराजीत गरेका थिए। बस्नेतले प्रदेशसभाका ५० र स्थानीय तहका प्रमुख र उपप्रमुख गरी ११६ मत प्राप्त गरेका थिए। त्यस्तै बरालले प्रदेश सभाबाट ३८ र स्थानीय तहबाट १४८ मतभार प्राप्त गरेका थिए। दुवै उम्मेदवारको मतभार बराबर भएका कारण गोला प्रथाबाट बस्नेत निर्वाचित भएका हुन्।

त्यसैगरी शेर्पाले ४७५२ मत भार प्राप्त गरेका थिए। उनका निकटतम् प्रतिद्वन्द्वी जनता समाजवादी पार्टीका हेमराज राईले ४३६८ मत प्राप्त गरेका थिए।

यता राप्रपाका अमरबहादुर बिष्टले १६८ मतभार प्राप्त गरेका थिए। महिलातर्फ नेकपा एकीकृत समाजवादी पार्टीकी राईले ४६९२ र एमालेकी सुमित्रा सुवेदी भण्डारीले ४३६२ मतभार प्राप्त गरेकी थिइन् भने राप्रपाको तर्फबाट उम्मेद्वार बनेकी रञ्जु प्याकुरेलले १६८ मतभार ल्याएकी थिइन्।

उता वाग्मती प्रदेशतर्फको दुवै सिटमा सत्तारुढ गठबन्धन विजयी भएको छ। निर्वाचन परिणाम अनुसार गठबन्धन दलका तर्फका उम्मेदवार रहेकी नेकपा (एस) की गोमादेवी तिमल्सिना र अन्यमा कांग्रेसबाट कृष्णप्रसाद पौडेल बिजयी भएका हुन्।

त्यस्तै लुम्बिनी प्रदेशको दाङमा सम्पन्न निर्वाचनमा गठबन्धनका उम्मेदवार नेपाली कांग्रेसका युवराज शर्मा, नेकपा (एकीकृत समाजवादी) बाट महिलामा राजेन्द्रलक्ष्मी गैरे र जनमोर्चाको तर्फबाट दलित उम्मेदवार तुलप्रसाद विश्वकर्मा बिजयी भएको निर्वाचन अधिकृत रितेन्द्र थापाले जानकारी गराए।

त्यसैगरी सुदूरपश्चिममा गठबन्धनका उम्मेदवार महिलातर्फ नेकपा (एकीकृत समाजवादी) मदनकुमारी शाह (गरिमा), दलिततर्फ एकीकृत माओवादी केन्द्रका जगत पार्की र अन्य समूहबाट नेपाली कांग्रेसका उम्मेदवार नारायणदत्त मिश्र विजयी भएका हुन्।

यसैबीच गण्डकीमा पनि गठबन्धनका उम्मेदवार महिला कोटामा कांग्रेसकी कमला पन्त, अन्य र दलित कोटाबाट माओवादी केन्द्रका सुरेश आलेमगर र भुवनबहादुर सुनार निर्वाचित भएका हुन्।

त्यस्तै कर्णालीबाट गठबन्धनका उम्मेदवार अन्यतर्फ उदय बोहोरा (एकीकृत समाजवादी), अपाङ्ग/आदिवासीतर्फ नरबहादुर विष्ट (माओवादी केन्द्र) र महिलातर्फ दुर्गाकुमारी गुरुङ (कांग्रेस) निर्वाचित भएका हुन्।

**को हुन गोपालकुमार बस्नेत ?**

शिक्षासेवीका रुपमा छुट्टै परिचय बनाएका ७६ वर्षीय गोपालकुमार बस्नेतले नेपाली कांग्रेसको मूलधारको राजनीतिमा सक्रिय रहँदै प्रजानन्त्र प्राप्तिको आन्दोलनमा समेत अहम् भूमिका निर्वाह गरेका थिए।

उनी २०४८ सालको नेपाली कांग्रेसको ८औं महाधिवेशनबाट जिल्ला सचिवमा निर्वाचित भए। आठौं महाधिवेशनबाट कृष्णप्रसाद सिटौला पार्टीको सभापतिमा निर्वाचित भएका थिए। 'बामकिल्ला' का रुपमा चिनिएको झापामा संगठन बिस्तार यसै पनि असहज थियो। तर, नेपाली कांग्रेसको चारतारे झण्डा बोकेर गाउँ-गाउँसम्म संगठन बिस्तारमा होमिएका बस्नेतले सिटौलासँग मिलेर झापामा काँग्रेसको संगठनलाई चलायमान बनाउन सक्रिय रहे।

२०५१ सालमा तत्कालीन झापा निर्वाचन क्षेत्र नं. ३ (हाल झापा क्षेत्र नम्वर १) मा प्रतिनिधिसभा सदस्यका लागि कांग्रेसका तर्फबाट उम्मेदवार बनेका बस्नेत झिनो मतान्तरले पराजित भएका थिए।

राजनीति शास्त्रमा स्नातकोत्तर गरेका बस्नेत २०२७ सालमा सिके प्रसाई (भरत बाबु) को संगतले नेपाली काँग्रेसमा सक्रिय भएका थिए। 'प्रतिबन्धित समय २०२७/०२८ सालमा नेपाली कांग्रेसको अभियानलाई गाउँ-गाउँसम्म पुर्‍याउन भरत बाबुका चिट्ठीपत्र ओसारपसारमा सहयोगी भूमिका निर्वाह गरेका बस्नेत २०४१ सालमा नेपाली कांग्रेसको संगठन गर्दागर्दै नजबन्दमा परे। उनलाई चन्द्रगढीमा नजरवन्द गरिएको थियो। नेपाली कांग्रेसका अग्रज नेताहरु डिल्ली सिटौला, डा. शंकर उप्रेती, रत्नकुमार कार्की, गणेश बिमलीसहित बस्नेतलाई तत्कालीन पञ्चायती व्यवस्थाले नजरबन्दमा राखेको थियो।

## काँकरभिट्टामा भन्सार दिवस

**झापा, माघ १२।** मेची भन्सार कार्यालय काँकरभिट्टाले ७०औं अन्तर्राष्ट्रिय भन्सार दिवसको अवसर पारेर बुधवार राजश्व सङ्कलनमा सहयोग पुर्‍याउने संस्था र उत्कृष्ट पाँच कर्मचारीलाई सम्मान गरेको छ।

सबैभन्दा बढी चिया निकासी गर्ने इलामको गोर्खा टी इस्टेट प्रालि र पेट्रोलियम पदार्थ आयात गर्ने नेपाल आयल निगमलाई राजश्व सङ्कलनमा योगदान पुर्‍याएबापत सम्मान गरिएको हो।

त्यसैगरी मेची भन्सार एजेन्ट संघका नितम पौडेल, मेची भन्सार कार्यालयका लेखापाल लक्ष्मीबहादुर रामदान, नायब सुब्बा लक्ष्मीप्रसाद गुरागाँई, कम्प्युटर अपरेटर अरुणकुमार साह र कार्यालय सहयोगी जयबहादुर राई सम्मानित भएका छन्। प्रमुख जिल्ला अधिकारी छवि रिजालले कदरपत्र र दोसल्लाले उनीहरुलाई सम्मान गरेका थिए।

कार्यक्रममा भन्सार विभागबाट सम्मानित कार्यालयका नायब सुब्बा प्रेम सुवाललाई समेत सम्मान गरिएको थियो। प्रदेश नं. १ सरकारको आन्तरिक मामिला तथा योजना मन्त्रालयका सचिव सुमन दाहालको अध्यक्षतामा भएको कार्यक्रममा भन्सार प्रमुख केशवप्रसाद ओलीले भन्सार गतिविधिको बारेमा जानकारी गराएका थिए।

कार्यक्रममा मेची उद्योग वाणिज्य संघका अध्यक्ष ऋषि तिम्सिना, झापा चेम्बर्स अफ कमर्शका कार्यबाहक अध्यक्ष ओम बिमली, मेची भन्सार एजेन्ट संघका अध्यक्ष मोहन निरौलालगायतले शुभकामना मन्तव्य व्यक्त गरेका थिए।

## मुआब्जा माग्दै संघर्ष समिति

**पार्थ मण्डल**

**झापा, माघ १२।** भद्रपुर भन्सार कार्यालयले जग्गा अधिग्रहणको नाममा व्यक्तिको नम्बरी जग्गा रोक्का राखेको भन्दै त्यसबिरुद्ध संघर्ष समिति गठन गरिएको छ।

भन्सार कार्यालयले व्यक्तिको जग्गा अधिग्रहण गर्ने भनी २०७७ साउन २७ गते राष्ट्रियस्तरको पत्रिकामा सूचना प्रकाशन गरी भूमि सुधार तथा मालपोत कार्यालय झापामा जग्गा रोक्का राखिदियो।

जग्गा रोक्का राखेको डेढ वर्ष बितिसक्दा समेत जग्गाधनीहरूले समयमा मुआब्जा नपाएपछि भद्रपुर नगरपालिका-५का वडाध्यक्ष बन्धु कार्कीको संयोजकत्वमा संघर्ष समिति गठन गरेका हुन्।

भन्सार अगाडिको पीडितहरूको जग्गामा बुधवार बसेको स्थानीय राजनीतिक दलका प्रतिनिधि, जनप्रतिनिधि, पीडित जग्गाधनी र सरोकारवाला पक्षको सर्वपक्षीय भेलाले संघर्ष समितिको सदस्य सचिवमा बुद्धिमान लिम्बू (माओवादी केन्द्र) र सदस्यहरूमा गणेशप्रसाद अधिकारी (एमाले), देवकुमार घिमिरे (राप्रपा), सीतादेवी न्यौपाने (माओवादी केन्द्र), हरि बस्नेत (नेपाली कांग्रेस) रहेका छन्।

त्यस्तै सदस्यहरूमा निर्मला पाठक, तुलाराम हलुवाई, सृजना पाण्डे, गजेन्द्रसिंह राजपूत, रमेश झा, अनिल सहनी, आशा पण्डित लगायत रहेका छन्। गठित संघर्ष समितिले बिहीबार पत्रकार सम्मेलन गरेर आफ्नो धारणा सार्वजनिक गर्ने संघर्ष समितिका संयोजक कार्कीले जानकारी दिए।

भद्रपुर-५स्थित सीमावर्ती मेची नदीमा पक्की पुल बनेपछि सरकारले २०७५ भदौ १ गतेदेखि भद्रपुर भन्सार कार्यालयको स्तरोन्नति गर्दै मूल भन्सारमा परिणत गरेको छ। भद्रपुर मूल भन्सार कार्यालयमा परिणत भएपछि हाल रहेको भन्सार कार्यालयलाई उत्तर पट्टिको स्थानीयको नम्बरी जग्गामा भवन बनाएर कार्यालयमा सार्न सरकारले २०७६ बैशाख १७ गते जग्गा अधिग्रहण गर्न भनी निर्णय गरेको थियो।

स्थानीयको जम्मा १०६ वटा कित्तामा रहेको करिब ९ विगहा जग्गा अधिग्रहणका लागि प्रक्रिया अघि बढाएको थियो। त्यसपछि सूचना निकालेर मालपोतमा जग्गा रोक्का राखियो। सो जग्गामा करिब २८देखि ३० घरका परिवार बसोबास गर्दै आइरहेका छन्। केही जग्गा खेतीयोग्य र केही जमिनमा घर रहेको छ।

सो जग्गा अधिग्रहणका लागि सरकारले दुई वर्षअघि नै एक करोड बजेट छुट्याइसकेको छ। तर, पछिल्लो समयमा भद्रपुर भन्सार कार्यालय प्रमुखविहीन हुनुका साथै प्रमुख जिल्ला अधिकारी छवि रिजाल पनि भर्खरै सरुवा भएर झापा आएका छन्। जसले गर्दा फेरि पनि भन्सारले लिने जग्गा मुआब्जा वितरण प्रक्रिया लम्बिने निश्चित छ। सम्बन्धित निकायलाई दबाब दिनका लागि संघर्षमा उत्रिनु परेको समितिका सदस्य देवकुमार घिमिरेले बताए।

## हात्तीको आक्रमणबाट वृद्धको मृत्यु

**झापा, माघ १२।** जङ्गली हात्तीको आक्रमणबाट झापाको दमक-३ दुम्सेमा एक वृद्धको मृत्यु भएको छ।

दमक-३ गोलाटारका ६२ वर्षीय गणेश अधिकारीको जङ्गली हात्तीको आक्रमणबाट ज्यान गएको हो।

वडाध्यक्ष नवीन बरालका अनुसार मकै

*(बाँकी अन्तिम पृष्ठमा)*

**बिर्तामोडमा मन्टेश्वरी तालिममा भर्ना खुल्यो**

**विगत १० वर्षदेखि मन्टेश्वरी तालिम सञ्चालन गर्द आएको र ५००० भन्दा बढी तालिम पश्चात शिक्षण पेशामा आवद्ध भएको यस बेष्ट फ्युचर मन्टेश्वरी ट्रेनिङ्ग सेन्टरमा विशेष छुटका साथ यही मिति २०७८/१०/१६ गते आइतबारबाट एक हप्ते, एक महिने तथा तीन महिने कोर्षमा भर्ना खुलेको जानकारी गराइन्छ। इच्छुकले आजै सम्पर्क गरी मौकाको फाइदा उठाउनुहोस्।**

***नोटः वेष्ट फ्युचर मन्टेश्वरी स्कूलमा १८ महिनादेखि ३ वर्षसम्मका नानी-बाबुहरुका लागि Play Group मा भर्ना खुलेको जानकारी गराइन्छ।***

**सम्पर्क फोन : ०२३-५४२६४७,**
**मो. ९८४९२५९७२९, ९८४१८९७४४७, ९८४२१००७६०**
Email : bestfuturemtcbn@gmail.com

**कर्मचारी आवश्यकता**

**प्रथमपटक प्रकाशित मिति २०७८/१०/०९ गते**

**यस श्री सुनकोशी बचत तथा ऋण सहकारी संस्था लि. बिर्तामोड-१ लाई संस्थाको बिर्तामोड र डाँगीबारी सेवा केन्द्रका लागि रिक्त रहेका पदका लागि निम्नानुसारका कर्मचारी आवश्यक भएकाले देहाय बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिन्छ।**

१. पदः **लेखा सहायक**
२. संख्याः २ जना
३. शैक्षिक योग्यता १०+२ वा सो सरह
४. अनिवार्य योग्यताः बेसिक कम्प्युटर
५. तलब/भत्ताः आधारतलव १५,००० (इन्धन+खाजा+सञ्चार+पोशाक+वार्षिक बोनष+ सञ्चय कोष तथा अन्य सुविधाहरु)
६. आवेदन दस्तुरः रु. ३०० (फिर्ता नहुने गरी)
७. परिक्षाको किसिम : प्रयोगात्मक, लिखित, मौखिक
८. आवेदन दिने अन्तिम मितिः २०७८/१०/२५ गतेसम्म
९. आवेदन दिने स्थानः संस्थाको मुख्य कार्यालय, बिर्तामोड र डाँगीबारी सेवा केन्द्र (सोमबार बाहेक)
१०. आवश्यक कागजातहरु : हस्तलिखित निवेदन, नेपाली नागरिकताको प्रमाण-पत्रको प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्र, चारित्रिक प्रमाण-पत्रको प्रतिलिपि र तालिम अनुभव सम्बन्धी प्रमाण-पत्रको प्रतिलिपि।

**थप जानकारीका लागिः**
फेसबुकपेजः@sunkoshisaccos, **सम्पर्क नं. ०२३-५३१४८९, ९८०१५६६४१२, ९८०१५६६४१३, ९८०१५६६४१४**

**पदपूर्ति समिति**

## जनसंख्या ...

तराईमा क्रमशः ९४, ९१ र ९७ रहेकामा २०७८ सालको जनगणनाको प्रारम्भिक नतिजासम्म आइपुग्दा क्रमशः ९७, ९५ र ९६ कायम हुन आएको छ। वार्षिक जनसङ्ख्या वृद्धिदर हेर्दा हिमाली क्षेत्रमा ऋणात्मक (–०.०२%), पहाडी क्षेत्रमा न्यून मात्रामा धनात्मक (०.२९%) र तराई क्षेत्रमा अन्य क्षेत्रको तुलनामा उच्च धनात्मक (१.५६%) वृद्धि देखिन्छ।

प्रदेश अनुसारको जनसंख्या परिवर्तन र वृद्धिदर प्रदेशगत रुपमा जनसंख्याको वितरण हेर्दा सबैभन्दा धेरै जनसंख्या मधेश प्रदेशमा ६१ लाख २६ हजार २८८ र सबैभन्दा कम कर्णाली प्रदेशमा १६ लाख ९४ हजार ८८९ जना रहेको छ जुन समग्रको क्रमशः २०.९९% र ५.८१% छ। लैङ्गिक रुपले विश्लेषण गर्दा लैङ्गिक अनुपात सबैभन्दा धेरै मधेश प्रदेशमा र सबैभन्दा कम सुदूरपश्चिम प्रदेशमा क्रमशः १०१ र ९० रहेको छ।

प्रदेशगत रुपमा वार्षिक जनसङ्ख्या वृद्धिदर हेर्दा सात प्रदेशमध्ये सबैभन्दा बढी लुम्बिनी प्रदेशमा १.२५% प्रतिवर्ष र सबैभन्दा कम गण्डकी प्रदेशमा ०.३०% प्रतिवर्ष जनसंख्या वृद्धि देखिन्छ। दोस्रो धेरै वार्षिक जनसंख्या वृद्धिदर हुने प्रदेशमा मधेश प्रदेश रहेको छ जसको वृद्धिदर १.२०% प्रतिवर्ष छ। अन्य प्रदेशको वार्षिक जनसङ्ख्या वृद्धिदर १.०% भन्दा कम नै रहेको देखिन्छ।

**सबैभन्दा धेरै काठमाडौं र कम मनाङमा**

देशका ७७ जिल्लामध्ये सबैभन्दा धेरै जनसंख्या काठमाडौंमा २० लाख १७ हजार ५३२ जना र सबैभन्दा कम जनसंख्या मनाङमा पाँच हजार ६४५ जनाको अक्सर बसोबास रहेको छ। मोरङ, रूपन्देही, झापा र सुनसरी जिल्ला क्रमशः दोस्रो, तेस्रो, चौथो र पाँचौं धेरै जनसङख्या भएका जिल्ला हुन्। कम जनसंख्या भएका जिल्लातर्फ मुस्ताङ, डोल्पा, रसुवा र हुम्ला क्रमशः दोस्रो, तेस्रो, चौथो र पाँचौं स्थानमा पर्दछन्।

जिल्ला अनुसार हेर्दा सबैभन्दा बढी लैङ्गिक अनुपात मनाङ जिल्लाको १३० र सबैभन्दा कम लैङ्गिक अनुपात प्यूठानको ८२ छ। जिल्लागत वार्षिक जनसंख्या वृद्धिदरलाई हेर्दा हिमाली र पहाडी क्षेत्रका ३२ जिल्लामा वार्षिक जनसङ्ख्या वृद्धिदर ऋणात्मक देखिएको छ जुन गत २०६८ को जनगणनाअनुसार २७ जिल्लामा ऋणात्मक देखिएको थियो।

यसैगरी सबैभन्दा धेरै वार्षिक वृद्धिदर भक्तपुरमा (३.३२%) र सबैभन्दा कम रामेछाममा (-१.६५%) रहेको छ। हिमाली जिल्लामध्ये मुगुमा सबैभन्दा बढी (१.८०%) वार्षिक जनसंख्या वृद्धिदर देखिन्छ। ग्रामीण-सहरी जनसंख्या वितरण नगरपालिका, उपमहानगरपालिका र महानगरपालिका क्षेत्रलाई शहरी तथा गाउँपालिकाको क्षेत्रलाई ग्रामीण क्षेत्र मान्दा २०७८ सालको कूल जनसंख्यामा शहरी जनसंख्या ६६.०८% पुगेको छ भने ग्रामीण जनसङ्ख्या ३३.९२% पुगेको छ। संघीय संरचनापछि स्थानीय तहलाई शहरी र ग्रामीण क्षेत्रानुसार वर्गीकरण गरी २०६८ सालको जनसंख्यालाई समायोजन गर्दा शहरी जनसंख्या ६३.१९% र ग्रामीण जनसंख्या ३६.८१% रहेको थियो।

## हात्तीको ...

लगाएको खेतमा पानी हाल्न कुलोमा गएका बेला अधिकारीलाई हात्तीले आक्रमण गरेको हो। आक्रमणबाट उनको घटनास्थलमै ज्यान गएको थियो।

दुम्से बस्ती हात्ती प्रभावित क्षेत्र मानिन्छ। दुई वर्षपछि दमकमा हात्तीले फेरि मान्छेको ज्यान लिएको वडाध्यक्ष बरालले बताए।

## विवाह ...

माइती नेपाल संस्थाको समन्वयमा प्रहरीले बालिकाको उद्धार गरेको थियो।

साथै ती बालिकाको साथमा रहेका अधिकारीलाई तत्काल नियन्त्रणमा लिई अनुसन्धान गर्दा अधिकारीले बालिकासँग १ महिना अघिदेखि फोनमार्फत चिनजान गरी भेट्न बोलाई अर्घाखाँची लगी विवाह गर्ने भनी विभिन्न स्थान हुँदै फुक्याई वीरगञ्ज बसपार्कसम्म ल्याई इनर्वा नाका हुँदै भारततर्फ बेचबिखन गर्न लैजान लागेको खुल्न आएको हो।

उनी उपर जिल्ला अदालत पर्साबाट ७ दिन म्याद थप अनुमति लिई मानव बेचबिखन तथा ओसारपसार कसूरमा अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय पर्साले जनाएको छ।


**पार्लर र मेकअप स्टुडियो बिक्रीमा**

**सम्पर्क :**
**९८४२७०३२४९**
**९८०१४४७४१२**



**प्रदेश सरकार**
**मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय**
**प्रदेश नं. १**
**प्रदेश प्रशिक्षण केन्द्र**
**कलवलगुरी, झापा**

### गाडी भाडामा लिने सम्बन्धी सूचना

यस प्रशिक्षण केन्द्रले आफ्नो विभिन्न कार्यक्रमहरु सञ्चालन गर्न तथा अनुगमन लगायतका कार्यहरु गर्न यस आ.व. २०७८।०७९ मा विभिन्न समयमा यस प्रदेशभरिका जिल्लाहरुमा जानुपर्ने भएको हुनाले गाडी चलाएको दिनको मात्र गाडीभाडा गणना हुने गरी गाडी भाडामा दिन इच्छुक देहाय बमोजिम विवरण भएका गाडी धनीले गाडी भाडाको दररेट उल्लेख गरी शिलबन्दी दररेट पत्र पेश गर्नुहुन सम्बन्धित सबैको लागि यो सूचना प्रकाशन गरिएको छ।

**देहायः**
१) गाडी कम्तीमा ९०० सीसीको हुनुपर्नेछ।
२) गाडीमा कम्तीमा ७ सिट हुनुपर्नेछ।
३) निवेदनको साथ गाडी भाडामा दिने गाडी धनीले गाडी धनी प्रमाणपूर्जाको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, सवारी चालकको नगरिकताको प्रमाणपत्रको प्रतिलिपि र सवारी चालक अनुमतिको प्रतिलिपि पेश गर्नुपर्नेछ।
४) यो सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र दरभाउपत्र पेश गरिसक्नुपर्नेछ।
५) दरभाउपत्र १६औं दिन कार्यालयमा खोलिनेछ।
६) अन्य कुराहरु प्रचलित नेपाल कानून बमोजिम हुनेछ।
७) थप कुराहरु बुझ्नु परेमा कार्यालयमा आइ बुझ्न सकिनेछ।

**सम्पर्कः ०२३-४५५०७८, ४५५१०८** **अभयकुमार गुप्ताः शाखा अधिकृत**



### तु-चाहियो

भारतको मुंवाईस्थित एक बहुप्रतिष्ठित Reliance कम्पनीद्वारा सेक्युरिटी गार्डहरुको माग भई आएको छ।
१. सामान्य सेक्युरिटी गार्डको लागि खाना र बस्नसहित भारु १५,०००/– रुपैयाँ मासिक तलब र १२ घण्टा ३० दिन हुनेछ। १० पास र ५.५ फुट हाइट हुनुपर्नेछ।
२. मेडियम सेक्युरिटी गार्डको लागि मासिक तलब ३०,०००।– देखि ३२,०००/– भारुसम्म तलब दिनेछ। १२ पास ५.७ फुट हाइट हुनुपर्नेछ।
३. स्पेसल सेक्युरिटी गार्डको लागि मासिक तलब ६०,०००।– देखि ६५,०००/– भारुसम्म मासिक तलब दिनेछ। बजलर कम्प्लिट र ५.७ फुट हाइट हुनुपर्नेछ।
४. भु.पु इन्डियन सेक्युरिटी गार्डको लागि मासिक तलब भारु ३५,०००/– तलब दिनेछ।
नोट :– हिन्दी र अंग्रेजी भाषा दुबै जान्नु पर्नेछ।
५. मुम्बईस्थित 3 Star लेबलको होटलमा केही वेटरहरुको माग भई आएको छ। १२ घण्टा ३० दिनको खान/बस्नसहित मासिक तलब भारु रु. १८,०००।– हुनेछ।

**सम्पर्क नं. : ९८१५०२३१९९/९८२६९८७०७०**



### बिर्ता (सेफ्टी तथा ढल सफाई)

**बिर्तामोड, झापा**

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ।)

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।




भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।



### कटान सम्बन्धी सूचना

*प्रकाशित मिति : २०७८।१०।१३*

यस आयोजनाको निम्न प्लटको छपान गरिएका विभिन्न प्रजातिका रुखहरुको कटान, मुछान, ढलान गरी तोकिएको स्थानमा घाटगद्दी गर्ने कार्य शिलबन्दी दरभाउ-पत्र प्रक्रियाद्वारा गराउनु पर्ने भएकोले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र यस आयोजना कार्यालय, केर्खा, झापा वा वन पैदावार विकास समिति, केन्द्रीय कार्यालय, ववरमहल काठमाडौंबाट दरभाउ पत्र फाराम खरिद गरी ८औं दिन (विदा भए सोको भोलिपल्ट) कार्यालय समयभित्र पेश गर्न सक्नेछ। यस आयोजना कार्यालय, केर्खा झापामा सम्पर्क राखी विस्तृत जानकारी लिनु हुन इच्छुक फर्म/संघ/संस्था वा मू.अ.कर मा दर्ता भएका व्यक्तिको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| कम्पार्ट नं. | जात | रुख संख्या | परिमाण | इष्टीमेट रकम (भ्याट सहित) |
|---|---|---|---|---|
| ८,१०,१२,१८ | टिक | ३१२ | गोलिया-२६००.० क्यु.फिट<br>वल्लावल्ली-४३७०.० „<br>दाउरा चट्टा-२१.० चट्टा | ५,६०,२५०।- |
| ८,९१०,११,१२,१८,२३ | ससौं | ७५ | | |
| ३,४,५,८,९,१०,११,१२,१३,१५,२१ | साल | ३१९ | | |

**रतुवामाई वृक्षारोपण आयोजना,** केर्खा, झापा



**असल संस्कार र समृद्धिका लागि एनएमसी**
**नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि.**
**NMC-COOP**
**कर्पोरेट कार्यालय : मेचीनगर-६, काँकरभिट्टा, प्रदेश नं. १**

### क्यालेन्डर छपाईका लागि कोटेसन आव्हान

**प्रथमपटक प्रकाशित मिति : २०७८।१०।१०**

नेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. द्वारा वि.सं. २०७९ सालको तपसिल बमोजिम साइज र गुणस्तरमा रही टेबल क्यालेन्डर र भित्ते क्यालेन्डर छपाईका लागि इच्छुक फर्मबाट कोटेशन आव्हान गरिन्छ।

| भित्ते क्यालेन्डर | टेबल क्यालेन्डर |
|---|---|
| सङ्ख्या : ३०,००० थान | सङ्ख्या : ५,००० थान |
| साइज : १२"X १८" | साइज : ८.५"X ६.२" |
| कागजको गुणस्तर : आर्ट बोर्ड | कागजको गुणस्तर : आर्टबोर्ड |
| कागजको तौल : १३० GSM | कागजको तौल : २५० GSM |
| छपाईको गुणस्तर : मल्टी कलर | छपाईको गुणस्तर : मल्टी कलर |
| आकारः पाटा बाइन्डिङ | आकार : कुट स्टेण्ड, ६ पन्ने |
| ३ पन्ने ६ पेज | १२ पेज स्पाइरल बेन्डिङ |

**पुनश्च :**
- कोटेसन पठाउँदा झापा जिल्लाभित्रका फर्मका हकमा सिलबन्दी कोटेसन संस्थाको कर्पोरेट कार्यालय, मेचीनगर-६, काँकरभिट्टामा पठाउनु पर्नेछ भने झापा जिल्लाबाहिरका फर्मको हकमा संस्थाको आधिकारिक इमेल ठेगाना corporatenmc@gmail.com मा पठाउन सकिनेछ।
- कोटेसनका साथमा आफूले प्रकाशन गरेको दुवै क्यालेन्डरको नमुना प्रति (Sample) अनिवार्य पेस गर्नु पर्नेछ।
- संस्थामा सूचीकृत नभएका फर्महरुले सूचीकृत गराएर मात्र कोटेसन पेस गर्नु पर्नेछ।
- कोटेसन पेस गर्ने फर्म मूल्य अभिवृद्धि कर (VAT) मा अनिवार्य दर्ता भएको हुनु पर्नेछ।
- कोटेसन पेस गर्ने अन्तिम मिति : २०७८ माघ २८ गते शुक्रबार कार्यालय समयसम्म।
- कोटेसन सम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार संस्थामा निहीत रहनेछ।

**थप जानकारीका लागि : ०२३-५६३१८८/मो. ९८५२६८९४८४**

**कर्पोरेट कार्यालय**



# हार्दिक बधाई तथा शुभकामना



हाम्रा श्रद्धेय ठूलोबुबा, परिवारका अभिभावक, पथप्रदर्शक, समाजका अगुवा राजनीतिज्ञ तथा समाजसेवी **श्री गोपालकुमार बस्नेत**ज्यू ०७८ माघ १२ गते सम्पन्न निर्वाचनबाट राष्ट्रिय सभा सदस्य पदमा निर्वाचित हुनुभएकोमा हामी गौरवान्वित र हर्ष विभोर छौं।

खुशीको यस क्षणमा हामी हाम्रा अभिभावक **श्री गोपालकुमार बस्नेत**ज्यूप्रति सगौरब हार्दिक बधाई ज्ञापन गर्दै राष्ट्रिय सभा सदस्य पदमा तपाईंको कार्यकाल मुलुक र आम नेपालीको हितको लागि अत्यन्त सुखद, सफल र फलदायी बन्न सकोस् भनी **हार्दिक शुभकामना** व्यक्त गर्दछौं।

**विशाल बस्नेत** **बिनोद बस्नेत**
**डा. प्रभा बस्नेत** **कोपिला बस्नेत**

तथा **समस्त बस्नेत परिवार**
एवम् **सयपत्री ट्रेड लिंक परिवार**, बिर्तामोड, झापा


श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधिः गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

पूर्वाञ्चल

सम्पादकीय

# बढ्दो सवारी दुर्घटना चिन्ताको विषय

**सवारी दुर्घटनामा परी प्रत्येक दिन सख्त घाइते हुने, अङ्गभङ्ग हुने वा मृत्यु हुने गरेका समाचार निरन्तर आइरहेका छन् । झापामा मात्र चालू आ.व. २०७८/०७९ को पुस मसान्तसम्ममा सवारी दुर्घटनामा परी ६३ जनाको मृत्यु भएको ट्राफिक प्रहरी कार्यालय झापाले तथ्याङ्क सार्वजनिक गरेको छ । झापा जिल्लामा चालू आ.व.को पुस मसान्तसम्म तीन सय १३ सवारीसाधन दुर्घटना भएका थिए । उक्त संख्या गत आ.व.को तुलनामा करिब ४० प्रतिशतले बढी हो । गत आ.व.मा छ सय ५७ सवारीसाधन दुर्घटना हुँदा ९३ जनाले ज्यान गुमाएका थिए । ट्राफिक कार्यालय झापाले चालू आ.व.को छ महिनाको अवधिमा सवारी नियम उल्लंघन गर्ने २३ हजार दुई सय सवारीसाधनका चालकलाई कारवाही गरेको र कारवाहीवापत उनीहरुबाट एक करोड छ लाख २२ हजार राजश्व सङ्कलन भएको जनाएको छ । ट्राफिक नियम उल्लंघनका घटना बढ्नु, सडक दुर्घटना बढ्नु र राजश्व बढ्नु चिन्ताको विषय हो ।**

**ट्राफिक नियम उल्लंघन गर्ने दुईपाङ्ग्रे सवारीसाधनको संख्या अत्यधिक रहेकोले जिल्लामा बर्षेनि सडक दुर्घटनामा परी मृत्यु हुनेको संख्या बढ्दै गएको हो । सबै सवारीसाधनमध्ये मोटरसाइकल दुर्घटना बढी देखिएको छ । सवारीसाधनको बढ्दो चाप, सडकको दुरावस्था, तीव्रगति, ट्राफिक नियमको अवहेलना, जाडोको समयमा बाक्लो हुस्सु, मादकपदार्थ सेवन, साँझमा विपरीत दिशाका दुई सवारीका चालकबीच बत्तीको समन्वयकारी भूमिका नहुँदा पनि दुर्घटना बढेकोमा दुईमत हुन सक्दैन । त्यसरी नै सवारी चालकमा अनावश्यक बढी आत्मविश्वास, चालकमा कमजोर आत्मविश्वास, पैदलयात्रीको लापरवाही, सडकमा अलपत्र छोडिएका गाईवस्तु, जेब्राक्रसिङ तथा अण्डरपास, ओभरहेड पास वा ओभरहेड ब्रिजको अभाव, वैकल्पिक कृषि मार्गको अभाव, स–साना विद्यार्थी नानीहरूमा सडक प्रयोग सम्बन्धी चेतनाको कमी लगायतका कारण पनि सडक दुर्घटना बढेका छन् ।**

**बढ्दो सवारी दुर्घटना न्यूनीकरण गर्न सवारी चालक, पैदलयात्री, ट्राफिक प्रहरी, सडक विभाग लगायत सबै पक्षको समन्वयकारी भूमिका हुनुपर्छ । विद्यार्थीलाई सडकको ठीक ढंगले प्रयोग सम्बन्धी ट्राफिक शिक्षाको जरुरी छ भने रिक्सा, अटो रिक्सा, सफारी, ठेला लगायतका साना सवारीसाधन चलाउनेलाई पनि ट्राफिक शिक्षाको खाँचो छ । बालुवा, गिटी, माटो, ढुंगा ढुवानी गर्ने टिपर अन्य साना सवारी चालक र पैदलयात्रीका लागि डरलाग्दा राक्षस जस्तै हुँदै गएको आजको अवस्था छ । टिपर चालकलाई पनि सडकमा आफू बाहेक अरु साना सवारीसाधन र पैदल हिंड्ने सर्वसाधारण पनि छन् भन्ने महशुस गराउने शिक्षाको आवश्यकता छ । त्यसैगरी बेपर्वाह रूपमा कुदाइएका ट्याक्टरबाट पनि दुर्घटना हुने गरेकाले ट्याक्टर चालकलाई पनि आफ्ना सवारीसाधन ठीक अवस्थामा राख्न र नियन्त्रित ढंगले सवारीसाधन चलाउन ट्राफिक शिक्षाको खाँचो छ । सडकमा परेका खाल्डाका कारण पनि धेरै दुर्घटना भएका छन् । तसर्थ, सडक विभागले सडक मर्मतको काम नित्यनिरन्तर गरिरहनुपर्छ । सडक दुर्घटना न्यूनीकरणका लागि सवारी चालक र पैदलयात्रीको सबभन्दा ठूलो भूमिका हुन्छ भन्ने सच्चाइलाई आत्मसात गर्न सके धेरै ठूलो संख्यामा सडक दुर्घटना घट्ने निश्चित छ । दोष अरूको थाप्लोमा हाल्नुभन्दा आ–आफ्नो कर्तव्य सबैले पूरा गर्न आवश्यक छ ।**

# प्रखर वक्ता, सशक्त युवा नेता विश्वप्रकाश शर्मा





**कृष्णप्रसाद ढकाल**

नेपाली कांग्रेसको १४औं महाधिवेशनमा भएको प्रतिस्पर्धात्मक निर्वाचनबाट महामन्त्री जस्तो उपल्लो र गरिमामय पदमा प्रखर वक्ता, सशक्त युवा नेता प्राप्त जिल्ला बनेको छ झापा । राजनीतिमा प्रखर वक्ता र लोकप्रिय नेताको छवि बनाउन सफल झापाली युवा नेता महामन्त्रीमा निर्वाचित हुनु झापाबासीका लागि हर्ष र खुशी प्रकट गर्ने समय बनेको छ । उनलाई नेपाली कांग्रेसको भावी पार्टी सभापतिका रुपमा समेत हेर्न थालिएको छ । त्यसैकारण अब हरेक विषय र अवस्थामा यिनी अर्थात् विश्वप्रकाश शर्मालाई साथ, सहयोग, सल्लाह पुऱ्याएर र दिएर भावी सभापतिका रुपमा पुनः प्राप्त गर्नसके विकास निर्माणका सम्भावना र वातावरणहरु निर्माणको अवसर अब झापालीका हातमा आइपुग्दै छ, भनिन्छ ।

शर्मा एक शिक्षित परिवारमा हुर्केका व्यक्ति हुन् । झापा धुलाबारीमा वि.सं.२०२७ पौष ६ गते जन्मेका विश्वप्रकाशले आफ्नो सामान्य शिक्षा पनि स्थानीय विद्यालयबाट नै प्राप्त गरेका थिए । सहयोगी भावनाका कारण विद्यार्थीकालदेखि नै राजनीतिमा चासो राख्ने शिलशिला शुरु भयो । कक्षा ९ मा अध्ययन गर्दैगर्दा उनी विद्यालयमा विद्यार्थी संगठन सभापति भएका कारण जिम्मेवारी निकै थियो । कसैले पनि सहयोग माग्दा नाई भन्न नसक्ने उदार भावनाका धनी विश्वप्रकाशलाई वि.सं.२०४० मा पहिलो पटक जेल जीवनको अनुभव गरायो राजनीतिले । उनी चर्चाको शिखरमा पुगे, फलस्वरुप वि.सं.२०५७ मा नेपाल विद्यार्थी संघको राष्ट्रिय अध्यक्षमा निर्वाचित भए, यो संगठनको सर्वोच्च पद थियो ।

परिवारका अनुसार बीए पास गरेपछि नै वि.सं.२०५८ साल फागुन २३ मा विवाह बन्धनमा बाँधिएर दुई सन्तानका पिता बने । वैवाहिक जीवनमा बाँधिएपछि, पति-पत्नीमा सामान्य ठाकठुक हुनु स्वभाविक भए पनि यसलाई सकेसम्म शान्तमय बनाउन उनको छुट्टै एक अनुकरणीय विश्लेषण पनि छ । उनको भनाइमा- 'मानिस राजनीतिक होस् वा अन्य कुनै पनि क्षेत्र वा पेशाको होस्, उसको आत्मविश्वास बढाउने आधारस्तम्भ उसको परिवार नै हो । बेलाबखत हुने पारिवारिक अव्यवस्थामा हेलचेक्र्याइँलाई पनि कारकतत्वका रुपमा लिन सकिन्छ, जसकालाई 'पारिवारिक बैठक सिष्टम'ले सुधारमा ल्याउँछ ।'

परिवारका सदस्यहरुभित्रबाट नै पालोमा एक जनाको अध्यक्षतामा बैठक बस्ने । मानौं परिवारमा तीन सदस्यहरु भएमा एक जनाले बैठक बस्ने भन्दै गर्दा अर्को एक जनाले बसौं न त भनेर सहमति जनाएमा बैठक बस्ने । बैठक शुरु भएपछि मोबाइल, टिभी बन्द गर्ने, बैठकको शुरुमा ब्रम्हा, बिष्णु महेश ओमकार स्वरुपको ॐ... बाट थालनी गर्ने र पालैसँग आ-आफ्ना कुरा राख्ने । आफ्नो विचार राख्दा अर्को सदस्यका बारेका चित्त नबुझेका बिषयमा समेत खुलेर कुरा राख्ने, यसो गरेमा जानेर वा नजानेर सबैले गरेका गल्तीबारे आफूलाई आभाष भई पुनः नदोहोरिने भएकाले कलहको उत्पादन नै मेटिन्छ र परिवार सुखमय बन्ने विश्वासका साथ आफूले यस्तो अभ्यास गर्ने गरेको बताउँछन् शर्मा ।

शर्मा एक स्पष्टवादी नेताका रुपमा चिनिन्छन् । नेपाली कांग्रेसको १२औं महाधिवेशनमा पार्टीभित्रको गुटबन्दीले केही अप्ठ्यारोमा पार्ने प्रयास पनि विश्वप्रकाशलाई नभएको होइन । झापा जिल्लाको पार्टी सभापतिमा भाग लिएर पराजीत हुन पुगेपछि, साथीहरुले खुशीयाली मनाए पनि भनिन्छ । तर, यो पीडाको अवधि लामो भने हुन सकेन, किनकि तेह्रौं महाधिवेशनमा आइपुग्दा धेरै चर्चित नेताहरुलाई पछि पार्दै १४औं स्थान प्राप्त गरी नेपाली कांग्रेसको केन्द्रीय सदस्यमा निर्वाचित भए ।

नेपाली कांग्रेसका शर्मा शालीन र भद्र व्यक्तित्वलाई स्वर्गीय विश्वेश्वरप्रसाद कोइरालासँग जोडिएको समाजवादका ब्याख्याता र विश्लेषकका रुपमा समेत लिने गरिन्छ । उनको इमान्दारिता र कामको मूल्यांकनको आधारबाट नेपाली कांग्रेसका वर्तमान सभापति शेरबहादुर देउवाले पार्टी प्रवक्ता र प्रचारप्रसार विभाग प्रमुखमा नियुक्त गरेका थिए । यस भूमिकाबाट प्रवक्ता र सरकारबीचको समन्वयकारी भूमिका स्थापित गर्न पूर्णरुपमा सफल भए । आफूलाई दिइएको जिम्मेवारीलाई कुशलतापूर्वक सफल पारेर पार्टीलाई उचाइमा पुऱ्याउने काम गरेका विश्वप्रकाशले नेपाली कांग्रेसको १४औं महाधिवेशन हुने निश्चित भएपछि निर्वाचनमा आफूलाई महामन्त्री पदको उम्मेदवारीका लागि घोषणा समेत गरे ।

तर, विडम्बना निर्वाचनको संघारमा आफ्नो क्याम्प अर्थात् देउवा क्याम्पबाट उनी बाहिरिन बाध्य पारिए । आफूले दुःख-सुख गर्दै व्यहार्दै धेरै कुरा निर्माण गरेर, बनाएर बसिरहेको घरडेराबाट हटाइएपछि आश्रयस्थलको खोजीमा भौंतारिनु स्वभाविक थियो । खोजी गर्दै जाँदा दोस्रो बलियो र प्रतिस्पर्धी क्याम्पमा पनि पुगे, जहाँ घनिष्ट मित्र गगन थापा थिए । तर, दुर्भाग्य हाइकमानमा रहेकाहरु तयार नहुँदा त्यहाँ गगनको पनि केही लागेन, घरकोनघाटको हुँदै पुनः अघि बढ्दै जाँदा सबैभन्दा सानो क्याम्पले धन्न छहारी दिने काम गऱ्यो, भनिन्छ । त्यही सानो छहारीबाटै यी शालीन व्यक्तित्वले आफ्नो महामन्त्री पदको उम्मेदवारीलाई पुनः निरन्तरता दिएको घोषणा दोहोऱ्याइ दिए । फलस्वरुप नेपाली कांग्रेसको १४औं महाधिवेशनमा मुलुकभरबाट सहभागी पार्टी नेतृत्वपंक्तिबाट सहभागी भएका भोटरहरुले बहुमतबाट बिजय गराइदिए । यस बिजयले जस्तोसुकै विपत्ती आइलागे पनि धैर्यतापूर्वक र इमान्दारीपूर्वक गरेको मेहनत कहिल्यै खेर जाँदो रहेनछ भन्ने भनाईलाई चरितार्थ गराएको छ ।

नेपाली कांग्रेस पार्टीभित्र दोस्रो पुस्ताका एक होनाहार युवा, उदियमान चम्किलो तारा, निष्कलङ्क र प्रष्टवक्ताका रुपमा चिनिएका व्यक्तित्व हुन्- विश्वप्रकाश । उनले एक निजीस्तरको दृष्य सञ्चार साधन कान्तिपुर टेलिभिजनबाट 'ऐना' नामक कार्यक्रम समेत चलाएका थिए । नेपाली जनता र समाजको वर्तमान अवस्थाको यथार्थ चित्रण ऐनामा झैं गरी छर्लङ्ग पार्नु यसको उद्देश्य रहेको थियो ।

नेपाली कांग्रेसको १४औं महाधिवेशनमा महामन्त्री जस्तो गरिमामय ठूलो पदमा विजयी भएपछि उनले भनेका छन्- 'यस पदका लागि म आफू योग्य भएको ठान्छु, किनकि मैले पार्टीका विभिन्न तहमा रहेर काम गरेर प्रशस्त अनुभवहरु बटुलेको छु, युवावस्था गुमिसकेको पनि छैन ।' वास्तवमा उनीसँग व्यवस्थापकीय कार्यदक्षता, चातुर्यता, तालिम सञ्चालन प्रक्रियाका सम्पूर्ण तौरतरिकाहरुको सिप, ज्ञान र क्षमता भएकाले यसैको प्रभावकारी प्रतिफल स्वरुप आगामी पार्टीको १५औं महाधिवेशनमा सभापतिको दावेदार हुने हिम्मत र वातावरण जुट्न सकोस् । साथै यो महत्वपूर्ण जिम्मेवारीमा रहेर पार्टी व्यवस्थापकीय सुधारसहित देश र जनताको सुख-दुःखमा सहयोगी बनेर मुलुकका सम्पूर्ण बेथितिहरु हटाउँदै विकास, निर्माणमा व्यस्त रहने आत्मबल र हौसला महामन्त्रीज्यूमा अविरल प्राप्त भइरहोस्, हार्दिक शुभकामना !

*krishnadhakal251@gmail.com*

# पाँचथरमा फलफूल प्रशोधन उद्योग सञ्चालन

☐ युद्धबहादुर बोहोरा

**पाँचथर, माघ १२।** मिक्लाजुङ गाउँपालिकाको वडा नम्बर १ खान्द्रुङमा सात दिने किवी प्रशोधन तालिम समापनसँगै सनम फलफूल प्रशोधन उद्योग उद्घाटन भएको छ ।

घरेलु तथा साना उद्योग कार्यालय, पाँचथरको आर्थिक वर्ष २०७८/०७९ को वार्षिक कार्यक्रम अनुसार 'स्वदेशी उद्यम र उत्पादन : दिगो औद्योगिक पुनरुत्थान' भन्ने नारासहित यस वडामा एकहप्ते किवी प्रशोधन तालिम सम्पन्न गरिएको छ ।

यसैबीच, पापोहाङ लावती कृषि फर्मका सञ्चालिका जुनुकुमारी लावतीको मातहतमा दर्ता भएको सनम फलफूल प्रशोधन उद्योगको पनि एकैसाथ उद्घाटन गरिएको हो । घरेलु तथा साना उद्योग कार्यालय, पाँचथरबाट जुस बनाउन प्रयोग गरिने ४२ हजार मूल्य बराबरको मेशिन ८० प्रतिशत छुटसहित यस उद्योगलाई उपलब्ध गराइएको कार्यालयका निमित्त उद्योग अधिकृत इन्द्रमणि पौडेलले जानकारी दिए ।

वडाका किवी उत्पादक अगुवा कृषक ११ महिला र सात पुरुष गरी जम्मा १८ जना सहभागिता रहेको उक्त तालिममा कविता फलफूल प्रशोधन उद्योग धनकुटाकी सञ्चालिका तथा प्रशिक्षक विष्णुमाया कन्दङ्वा(कविता) ले किवीको जाम, सर्वत (जुस) र अचार बनाउने सम्बन्धी तालिमको



सहजीकरण गरेकी थिइन् । सहजकर्ता कन्दङ्वा २०६६ सालमा उद्योग मन्त्रालयले आयोजना गरेको कृषि प्रदर्शनीमा उत्कृष्ट उद्यमीको रुपमा सम्मानित भएर थाइल्याण्ड भ्रमण गर्ने अवसर समेत पाएको उनले बताइन् ।

तालिम समापन तथा उद्योग उद्घाटन कार्यक्रमका प्रमुख अतिथि १ नम्बर वडाध्यक्ष विष्णुकुमार राई र विशेष अतिथि २ नम्बर वडाध्यक्ष सन्तोष शेर्मा, जनप्रतिनिधि शम्शेर राई, मनमाया आङ्देम्बे, फाल्गुनन्द गाउँपालिका आयुर्वेद शाखा प्रमुख वरिष्ठ कविराज निरीक्षक राजु पराजुली, स्थानीय बुद्धिजीवी लगायतले शुभकामना मन्तव्य राखेका थिए । वडा कार्यालयको समन्वयमा सञ्चालन गरिएको उक्त तालिम समापनमा मन्तव्य राख्दै जनप्रतिनिधिहरुले किसानका हरेक गतिविधिलाई उच्च प्राथमिकताका साथ सहयोग गर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । सहभागीलाई प्रमाणपत्र प्रदान गरिएको साथै प्रशिक्षकलाई सहभागीले मायाको चिनो पनि हस्तान्तरण गरेका थिए । अतिथिहरुलाई तालिममा सिकेर उत्पादन गरिएका खाद्य सामग्री वितरण गरिएको थियो ।

उद्योगले सम्पूर्ण प्रक्रिया पूरा गरी उत्पादन शुरु गरेको छ । यहाँको उत्पादन सामग्रीलाई स्थानीय बजारदेखि अन्य क्षेत्रमा पनि बजारीकरण गरि व्यवसायलाई अगाडि बढाउने लक्ष्य रहेको सञ्चालिका लावतीले बताइन् । उनले २०६८ सालबाट किवी खेती शुरु गरे तापनि २०७२ सालमा फर्म दर्ता गरी आधिकारिक रुपमा व्यवसायिक खेतीमा लागेकी छिन् । हाल ४० रोपनी जमीनमा खेती गर्दै वार्षिक २० लाख रुपैयाँ बराबरको फल र बेर्ना बिक्रीबाट आम्दानी गर्दै आएकी छिन् । ए र बी ग्रेडको किवी करिब एक सय ५० रुपैयाँप्रति किलोग्रामले बिक्री हुने । तर, अन्य सानो किवी खेर जाने भएकोले जुस र अरु परिकार बनाएर गाउँको उत्पादनलाई उचित मूल्यमा बिक्री गर्न सकिने उद्देश्यले उद्योग स्थापना गरिएको उनको भनाइ छ । लावती जिल्लामा किवी उत्पादन गर्ने कृषकमध्ये उत्कृष्ट कृषकको रुपमा परिचित छिन् । हाल उनको फर्ममा २५ देखि ३० हजारसम्म बेर्ना बिक्रीको तयारीमा रहेको उनले बताइन् ।

यसै अवसरमा दुई सय जना अगुवा कृषकलाई एक हजार किवीका बिरुवा पनि वितरण गरिएको वडा कार्यालयले जनाएको छ । किवी उत्पादन हुने यस क्षेत्रका किसानलाई गत वर्षदेखि बेर्ना वितरण गरिएको हो । फलफूलको राजा भनेर चिनिएको किवी चिकित्सकहरुले पनि स्वास्थ्यको लागि अत्यन्तै लाभदायक मानिएसँगै हाल पूर्वी पहाडका जिल्लामा यसको खेती गर्न किसानमा आकर्षण बढेको छ ।

किवीको प्रयोगले मोटोपन घटाउने, कब्जियतको समस्यालाई निको पार्ने, रक्तचाप नियन्त्रण गर्ने, रोग प्रतिरोधात्मक क्षमता वृद्धि र गर्भवती महिलालाई रगत वृद्धिमा मद्दत गर्ने साथै फोक्सोलाई स्वस्थ राख्न सहायता पुऱ्याउने भएकाले दमका रोगी र सुगर रोगीले समेत खान हुने चिकित्सकले सल्लाह दिने गरेका छन् ।

# कफी बनाउने तालिम




☐ उमानाथ भण्डारी

**कमल, माघ १२।** कमल गाउँपालिकाले स्थानीय युवलाई सिपमूलक तालिम दिएर व्यावसायिक बनाउने उद्देश्यले विभिन्न तालिम सञ्चालन गर्दैछ ।

पछिल्लो समय गाउँपालिकाले गाउँमै रहेका वेरोजगार युवा तथा कोभिडका कारण वैदेशिक रोजगारीबाट फर्किएका युवालाई सिपमूलक तालिम प्रदान गरी गाउँ मै रोजगारी सृजना गर्ने उद्देश्यले यस्ता तालिम प्रदान गरिएको हो । गाउँपालिकाको आयोजना तथा उद्यमशील महिला जागरण केन्द्रको व्यवस्थापनमा गाउँमा रहेका युवालाई एकहप्ते कफी (वारेस्ता) बनाउने तालिम शुरु भएको छ ।

कफी सबैको प्रिय पेयपदार्थका रुपमा विकास हुँदै गएको र यो व्यवसायतर्फ युवाहरुको आकर्षण समेत बढेकाले तालिम आयोजना गरेको गाउँपालिकाले जनाएको छ । पछिल्लो समय कफी सबैको प्रिय पेयपदार्थका रुपमा विकास भइरहेकोले यो व्यावसायबाट युवाहरुलाई स्वरोजगार बन्न सहयोग पुग्ने उद्देश्ययले तालिम आयोजना गरिएको कमल गाउँपालिकाकी अध्यक्ष मेनुका काफ्लेले बताइन् ।

गाउँपालिकाले भौतिक तथा पूर्वाधारका क्षेत्रमा धेरै काम गर्‍यो तर यसले मात्र समृद्ध नेपाल सुखी नेपाली बन्न सक्दैन, सबै जनाता खुशी हुन पनि सक्दैनन् । बिना सिप वैदेशिक रोजगारीमा जाँदा धेरै युवायुवतीले दुःख पाउने गरेका छन् । त्यसैले सिप सिकेर आफ्नै गाउँघरमा पनि व्यवसाय सञ्चालन गर्न सकिने र वैदेशिक रोजगारीमा जाँदा पनि राम्रो काम गाउन सकिने भएकोले गाउँपालिकाको तर्फबाट सिपमूलक तालिम प्रदान गरिएको कमल गाउँपालिकाका उपाध्यक्ष बेनु शिवाकोटीले बताए ।

संस्थाले गाउँपालिकाको सहयोगमा महिलाका लागि सिप विकासका साथै

*(बाँकी ३ पृष्ठमा)*

# झापा-मोरङमा सन्थाल जातिको संख्या किन घट्दै छ ?

तीर्थराज खरेल



**सुरुङ्गा, माघ १२।** नेपालको अल्पसंख्यक आदिवासी जातिको रुपमा रहेको सतार वा सन्थाल जातिको संख्या घट्दै गएको छ।

नेपाल बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक, बहुधार्मिक मुलुक भएको यथार्थ नेपालको संविधान २०७२ ले स्वीकारेको छ। झापा जिल्ला विविध जातजाति, भाषासंस्कृतिको धनी जिल्ला हो। झापामा सन्थाल, गनगाई, मेचे, राजवंशी, उराव, किसान, बंगाली, मारवाडी, मुसहर लगायतका अल्पसंख्यक जातिहरू रहेका छन्। बहुजातीय विशेषता बोकेको झापाको सुन्दर फूलबारीको एक सुन्दर फूल झैं रहेको यो सन्थाल जाति क्रमशः संकटउन्मुख छ।

भारतको बिहार राज्यको चाहोटा नागपुर र साथाल फ्रना ठाउँ तथा भारतको झारखण्ड राज्यको दुम्का क्षेत्रबाट आएका मानिने सन्थालहरु विशेषगरी जंगल तथा नदीको छेउछाउको क्षेत्रमा बसोबास गर्दछन्। नेपाल सरकार केन्द्रीय तथ्याङ्क विभागको सन् १९९१ को तथ्याङ्क अनुसार नेपालमा सन्थालको संख्या ३३ हजार तीन सय १२ र सन् २००१ को तथ्याङ्क अनुसार ४२ हजार छ सय ९८ थियो भने सन् २०११ मा ५१ हजार सात सय ३५ पुगेको देखिन्छ।

सन् २००१ मा झापा जिल्लामा कुल २३ हजार एक सय ७२ र मोरङमा १६ हजार तीन सय ८७ जनसंख्या रहेको थियो। मेची बहुमुखी क्याम्पस भद्रपुरमा जनसंख्या शास्त्र प्राध्यापन गर्ने अनुसन्धानकर्ता भक्तिप्रसाद सुवेदीले तत्कालीन सुरुङ्गा गाविसको २०४८ सालदेखि २०६८ सालसम्मको सन्थालहरुको जनसांख्यिक पक्षको बारेमा अध्ययन गरेका छन्। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्क अनुसार तत्कालीन सुरुङ्गा गाविसमा वि.सं. २०४८ सालमा एक हजार चार सय २५, वि.सं. २०५३ मा एक हजार एक सय १७, वि.सं. ५८ सालमा आठ सय छ जना, वि.सं.२०६३ मा पाँच सय र वि.सं.२०६८ सालमा चार सय ८० सन्थालको संख्या रहेको देखिन्छ।

तत्कालीन सुरुङ्गा गाविसमा २०४८ सालमा जम्मा जनसंख्या १६ हजार सात सय ४७ को ८.५१५ रहेका सन्थालहरु २०५३ सालमा जम्मा जनसंख्या १९ हजार सात सय ६१ को ३.१९५, २०५८ सालमा जम्मा जनसंख्या २१ हजार छ सय १६ को ३.७३५, २०६३ सालमा जम्मा जनसंख्या २५ हजार पाँच सय १९ को १.९६५ र २०६८ सालमा जम्मा जनसंख्या ३२ हजार दुई सय ५४ को १.४९५ मा पुगेका छन्। २०७८ सालको जनगणनामा सुरुङ्गा र घैलाडुब्बा गाविस मिलेर बनेको कनकाई नगरपालिकामा सन्थालको जनसंख्या चार सयभन्दा कम हुने अनुमान गर्न सकिन्छ।

झापामा सन्थाल जातिको प्रमुख बसोबास कनकाई, गरामनी, जलथल, राजगढ, बिर्तामोड, शरणामती, लखनपुर, डाँगीबारी र घेराबारी रहेको पाइन्छ। खेती पशुपालन, ज्याला-मजदुरी, माछा मार्ने र स्थानीय बजार हाटमा लगेर बेच्ने यो जातिको विशेषता रहेको पाइएको छ। समय र आधुनिकीकरणको प्रभावले सन्थाल समुदायका केही केही व्यक्तिहरुमा पनि चेतनाको विकास भई रोजगारी र व्यावसायिक पेशा अँगालेर जीवन गुजारिरहेको पनि पाइएको छ। अधिकांश फुसका छाना र बाँसका टाटीबेरा भएका घरहरु आफ्नो सीप र श्रमले बनाउने गर्दछन्। काली, देवीलाई मान्ने यिनीहरू गीत, नृत्य आदिमा धेरै रमाउँछन्। यिनीहरु एक स्थानमा २०/३० घरपरिवार झुरुप्पै भएर मिलेर बसेको पाइन्छ। उनीहरु प्रायजसो आर्थिक कमजोरीका कारण हुर्किंदै गएपछि पढ्न छाडी हातमुख जोड्न ज्याला-मजदुरी गर्नुपर्ने हुनाले अधिकांश निरक्षर रहेका छन्।

काला रंगका भए पनि यिनीहरू निकै सरल, मिलसार र मेहनती हुन्छन्। आफ्नो परिश्रमबाट नै जीवन गुजारा गर्नुपर्छ भन्ने सतारहरू चोरी र बेइमानीलाई पाप सम्झन्छन्। खासगरी पूर्वी तराईका मोरङ र झापाका आदिवासी सतारहरूको घरको बनोटबाट नै सतार गाउँ भन्ने छुटिन्छ। फुसको छाना भएका भुइँतले झुप्रा घर झुरूप्प बाक्लै रहनु, लिसैलो माटोको लिउनले चिल्लो देखिनु, घर अगाडि बाबरी फूलको बोट हुनु र घर छेउछाउ बडहर, कदम र बयरका रूख, बिरुवा इत्यादिले उनीहरूको परिचय दिन्छ।

सतारहरूको गाउँमा एकजना मान्नेगुन्ने मानिस हुन्छ, जसलाई 'माजिहडाम' भनिन्छ। उसलाई सहयोगी चाहिएमा अर्को एकजना 'परानी' (सहयोगी) राख्ने गरिन्छ। माजिहडाम हुने पुस्त्यौनी हक हो, तर कुनै माजिहडाम बेकम्मा भएमा गाउँलेले अर्को माजिहडाम नियुक्ति गर्न सक्छन्। माजिहडामको मुख्य काम गाउँको झैं-झगडा मिलाउने, गाउँमा नाइके तथा खबरे राख्ने र विकास निर्माण गराउने आदि हुन्। यस जातिभित्र किस्कु, मर्डी, सोरेन, मुर्मु, हेमरम, हस्दा, टुडू, बास्के, बेस्रा, चौडे, पौडिया र बेढिया गरी बाह्र थर छन्। पछिल्ला तीन जात अति तल्लो दर्जामा राखिएका छन्।

झापामा र विशेषगरी सुरुङ्गामा सन्थालहरुको जनसंख्या किन घटिरहेको छ भन्ने गम्भीर प्रश्न उब्जिएको छ। उनीहरु नेपालका ३० जिल्लामा छरिएर रहे पनि मुख्यतयः उनीहरुको बसोबास झापा र मोरङमा रहेको छ। औलो लाग्ने घना जङ्गललाई आवाद गरेर खेतीयोग्य बनाउने सन्थालहरु पलायन हुँदै गएर अहिले सानो संख्यामा सीमित हुन पुगेका छन्। आफ्नो रगत र पसीनाले धरती भिजाउने भूमिपूत्रहरु, जो कुनै बेला हजारौं बिगाह जमिनका मालिक थिए, आज अज्ञानता, धनीमानीको दबाब, प्रशासकीय थिचोमिचो, टाठाबाठाहरुको जालझेल र षडयन्त्रमा परेर आफ्नो थातथलोबाट विस्थापित हुँदै गए।

कतिले पहुँच र अज्ञानताका कारण जमिनको लालपूर्जा बनाउन सकेनन् भने कतिपयले साहु-महाजनबाट लिएको थोरै ऋणका लागि आफ्नो जग्गा-जमिन नै गुमाउनु पऱ्यो। कतिपय सन्थालहरूको आज पनि नागरिकता छैन। नागरिकताको अभावले आफ्ना बालबच्चाको जन्मदर्ता बनाउन सकेका छैनन् र जन्मदर्ताको अभावमा नानीहरूको नाम लेख्न विद्यालय प्रशासनले इन्कार गरिरहेको धेरै उदाहरणहरू छन्। कतिपय सन्थाल आफ्नो जमिन साहु-महाजनलाई सुम्पेर उनीहरु कै जमिनमा कृषि मजदुरको रूपमा काम गरिरहेका छन् भने कतिपय भारततिर पलायन भएका छन्। केही सन्थालहरु काठ मिस्त्री र डकर्मीको काम गरिरहेका छन्। अत्यन्तै थोरै संख्यामा सरकारी विद्यालयमा शिक्षकको रूपमा पनि उनीहरु कार्यरत रहेका छन्।

स्नातकोत्तर क्याम्पस विराटनगरमा प्राध्यापन गरी हाल नेकपा एमालेकी नेतृको रूपमा क्रियाशील डा. शिवमाया तुम्बाहाम्फेले गरेको 'नेपालका सन्थाल जातिको राजनीतिक तथा आर्थिक सीमान्तीकरण : झापाको सन्दर्भमा एक मामिला अध्ययन' नामक अनुसन्धानात्मक अध्ययनले विकासको मूलधारबाट वञ्चितिमा परेका अल्पसंख्यक जातिहरुलाई सामाजिक समावेशिताको व्यावहारिक नीति तथा सो नीतिको कार्यान्वयनको अभावमा र राज्य सामाजिक ऐक्यबद्धताको मूल अभिभावक हुनुपर्नेमा त्यसो नभएको कारणबाट सन्थालहरु पलायन हुनुपरेको देखाएको छ। डा. तुम्बाहाम्फेले अन्य अल्पसंख्यक जाति जस्तै सन्थाल जाति माथि अन्याय भएको, उनीहरुलाई ठगिएको, धोखाधडी भएको र राज्यको तर्फबाट उपेक्षा गरिएको निष्कर्ष निकालेकी छन्। उनीहरुको अज्ञानता र पछौटेपनको उपल्ला जातिले फाइदा उठाएको, उनीहरुलाई राजनीतिक तथा राष्ट्रनिर्माणमा सहभागिता नदिइएको, राजनीतिक दलले पनि उनीहरुको सहभागितामा वृद्धि गर्ने कार्यक्रम नल्याएको, असमानता र बहिष्करण रोक्न राज्यको तर्फबाट ठोस कार्ययोजना नआएको, सकारात्मक विभेदको नीति अनुरूप उनीहरुलाई समतामूलक व्यवहार नगरिएको लगायतका जटिल समस्याका कारणबाट उनीहरु पलायन हुँदै गएका हुन्।

मोरङ धनपालथान गाउँपालिका वार्ड नं. ३ सोराभागस्थित शिवशक्ति माविका प्रधानाध्यापक समेत रहेका अल्पसंख्यक जातिको अवस्था बारेमा चिन्तनशील बुद्धिजीवी गुणेश्वर मण्डलका अनुसार झापा र मोरङ चेतनशील नागरिकको जिल्ला भएर पनि सन्थाल, गनगाई, राजवंशी लगायतका अल्पसंख्यक जाति संकटतिर उन्मुख हुनु भनेको राजनीतिक, आर्थिक, सामाजिक र राज्यव्यवस्थाकै कारण मुख्य हो। अल्पसंख्यक जातिलाई संरक्षण र विकास गर्ने राज्यको विशेष नीति आवश्यक रहेकोमा उनले जोड दिए। नेपालको संविधान २०७२ ले सबै जातिलाई समावेशिता र समानुपातिकताको सिद्धान्त अनुरूप राज्यको मूलधारमा समेटेर लैजान भने पनि कानूनी र व्यावहारिक रूपमा राज्य सञ्चालकहरूले सो अनुरूप काम नगरेको मण्डलको भनाइ छ।

त्यसैगरी चारआली निवासी कानून व्यवसायी एवम् समाजशास्त्री तिलविक्रम कन्दङ्वाको विचारमा राज्यले सतारको जातीय अस्तित्व र पहिचानलाई स्वीकार नगरेको र राज्यद्वारा अवलम्बन गरिएको एकल भाषा नीति र राज्यले सबै जातजातिलाई समान हैसियत नदिएका कारण उनीहरू विस्थापित भएर जनसंख्या घट्दै गएको हो। कलिलै उमेरमा विवाह गर्ने चलन हुनु, विविध कारणले मृत्युदर बढी हुनु जस्ता कारणले पनि उनीहरुको संख्यामा कमी आएको कन्दङ्वाको भनाइ छ। शिक्षा, स्वास्थ्य, रोजगारी लगायतका क्षेत्रमा सन्थाल जातिलाई हक-अधिकार दिएर र उनीहरुको प्रतिनिधित्व राज्यका हरेक अङ्गमा पुऱ्याउने संवैधानिक, कानूनी तथा नीतिगत रुपमा सुनिश्चित गराउने हो भने उनीहरुले बढी अधिकार पाउने थिए। संकटउन्मुख सन्थाल जातिको संरक्षण र विकासका लागि राज्यले विशेष नीति बनाउन जरुरी छ।

## कफी बनाउने...

क्षमता अभिवृद्धि सम्बन्धी थुप्रै तालिम प्रदान गरिसकेको छ। तालिमपछि उनीहरुले आफ्नै व्यवसाय सञ्चालन गरेर आफू र आफ्नो परिवारलाई रोजगारी सृजना गरेको उद्यमशील महिला जागरण केन्द्रकी अध्यक्ष शान्ता उप्रेती दाहालले बताइन्।

कार्यक्रममा वडा नम्वर ३ का वडा अध्यक्ष नरप्रसाद दंगाल, महिला तथा बालबालिका शाखा प्रमुख रेनुका गौतम, सशक्तिकरण केन्द्रकी सचिव ममता गुरुङ लगायतको उपस्थित रहेको थियो। तालिमको सहजीकरण प्रकाश कटुवाल र अंकित दाहालले गरिरहेको बताइएको छ।

संस्थाकी सदस्य नन्दा मेन्याङ्वोले सञ्चालन गरेको कार्यक्रममा स्वागत सदस्य सीता राई शेर्पाले गरेकी थिइन्।


**पसल बिक्रीमा**
पिजा घर पछाडि रहेको फेन्सी पसल सस्तो मूल्यमा बिक्रीमा छ। इच्छुकले तु-सम्पर्क गर्नुहोला।
सम्पर्क : ९८२५९६३५३५

**पूर्वाञ्चल सेफ्टी ट्यांकी तथा ढल सफाई**, बिर्तामोड-५, झापा
- भ्याकुम सिस्टमबाट सफाई गरिने भएकाले 'नो झन्झट'
- हाम्रो सेवा हिमाल, पहाड, तराईमै एकैपटक

नारायणप्रसाद बाँस्तोला
९८२५९२७४७७/९८०६०९०७८१
९८४९५०४७७१/९८४२६९५८८४
सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

**साझा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई**
झापामै पहिलोपटक भ्याकुम सिष्टमको ठूलो र सस्तो ढल तथा सेफ्टी ट्याङ्की सरसफाईको लागि हामीलाई सम्झनुहोस्।

सम्पर्क: ९८१४९९३७१२, ९८२४९८११७४, ९८४२६७७८५५, ९८६२६४८२८२

**कर्मचारी आवश्यकता**
पद : PRO/Office Staff
योग्यता : SEE वा +2 सरह
तलब : १५,०००।-
आवश्यक कागजात: शैक्षिक योग्यताको प्रमाणपत्र नागरिकताको फोटोकपी, पीपी साइजको फोटो।
दस्तुर : २५०।-
सम्पर्क : ९८०७९२५६९५, ९८१७०५०१५८
बिर्तामोड, शनिश्चरेरोड

**सेफ्टी ट्याङ्की तथा ढल सफाई**
अब घरको सेफ्टी ट्याङ्की राम्रो सस्तो र शुलभ तरिकाले गर्नु परेमा झापाको ठूलो सेफ्टी ट्याङ्कीबाट सेवा गर्ने मौका हामीलाई दिनुहोस्।

सम्पर्क: ०२३-५५२६२०
९८४२६५५७००, ९८०४९३८१००

**हाम्रो सेफ्टी ट्यांकी तथा ढल सफाई**
आधुनिक भ्याकुम सिस्टम भएको, प्रदेश नं. १ कै ठूलो सेफ्टी ट्यांकीबाट कनकाई, शिवसताक्षी, बिर्तामोड र मेचीनगर क्षेत्रमा सेवाका लागि सम्झनुहोस्।

सम्पर्क:
९८०८७०५२०६/९८६३९८३६६८
९८०७९३०७४०/९८४०४९८३५५


**माइग्रेसन सर्टिफिकेट हराएको सूचना**

यही मिति २०७८ साल पौष २ गते सुरुङ्गाबाट बिर्तामोड जाने क्रममा राष्ट्रिय परीक्षा बोर्डले प्रदान गरेको मेरो निम्न व्यहोरोको माइग्रेसन सर्टिफिकेटसहित महत्वपूर्ण कागजात हराएको हुँदा फेला पार्नु हुने महानुभावले नजिकैको प्रहरी कार्यालय वा निम्न ठेगानामा सम्पर्क गरिदिन हुन हार्दिक अनुरोध छ।

नाम:- बिनय बिमली
ठेगाना.:- कनकाई-५, झापा
उत्तीर्ण मिति:- २०६९ साल
सिम्वोल नं.:- ३०४०२७२९
रजिष्ट्रेशन नं.:- ६७०४२५०४१
सिरियल नं. : M १००३४७७
सम्पर्क नं.:- ९८२४९८३३२३


**ताप्लेजुङ-पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।

ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

**डा. रामकुमार सिटौला**
MBBS, (KU) MD Birhospital Nams
वरिष्ठ पेट, छाती, मुटु, मृगौला, कलेजो, सुगर तथा थाइराइट रोग विशेषज्ञ
प्रत्येक दिन २:०० बजेदेखि मेची अञ्चल अस्तालबाट
सम्पर्क : कान्तिपुर मेडिसीन एण्ड प्रधान डाइजोनोस्टिक सेन्टर
अदुवा पुल छेऊ बिर्तामोड (झापा), फोन : ०२३-५३२८४५
नोट: यहाँ छाला, नाक, कान, घाँटी, बालरोग, हाडजोर्नी, नशा तथा मानसिक रोगको दैनिक सेवा उपलब्ध छ।

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्स प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा (फोन : ०२३-५३०१२३, ९८०३१५४६१९)

**ठाकुर पोलिक्लिनिकमा**
विशेषज्ञ डाक्टरहरुको दैनिक सेवा
डा. पिताम्बर ठाकुर
MBBS MD (TU) NMC 1914 Consultant Physician
समय: दैनिक बिहान ११-२ बजेसम्म, दिउँसो ४ बजेपछि
हाम्रा थप सेवाहरु :
डा. शंशाकराज कोइराला : टाउको, नशा तथा मानसिक रोग विशेषज्ञ
डा. लवराज लोहनी : बाथरोग विशेषज्ञ
डा. केशव मण्डल : नवजात शिशु तथा बालरोग विशेषज्ञ
डा. धिरज गिरी : नाक, कान, घाँटी रोग विशेषज्ञ
डा. विवेक रौनियार : हाडजोर्नी तथा नशा रोग विशेषज्ञ
डा. केशव ढकाल : छाला, कुष्ठ तथा यौनरोग विशेषज्ञ
डा. शम्भु नवल : वरिष्ठ चिरफार सर्जन विशेषज्ञ
यहाँ भिडियो एक्स-रे, डिजिटल X-Ray, ECG, इन्डोस्कोपी ओपिडी, आधुनिक प्याथोलोजी ल्याबको सेवा साथै अनुभवी डाक्टरहरुद्वारा उपचार गरिन्छ।
पश्चिम बस स्टेण्ड, बिर्तामोड-१, झापा, फोन :०२३-५९०००८, ९८१७९६४७७१

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क
राजुकुमार श्रेष्ठ
९८५२६४६००५
९८०६०१०४१०
९८४२६३४६२७
०२३-५४६००५

दमक सम्पर्क:
देवी सिटौला
९८२४९७९१८५
९८४२७६०२६५
९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

**डाक्टर आउने बारेको सूचना**
डा. दिपायन पाण्डे
MBBS, M.D.
वरिष्ठ छाला तथा सौन्दर्य रोग विशेषज्ञ
प्रत्येक विहीवार
११ बजेदेखि
डल्फिन स्कीन हस्पिटलबाट

डा. मुक्ति आचार्य
MBBS, M.D. (KU)
वरिष्ठ मानसिक तथा नशा रोग विशेषज्ञ
प्रत्येक महिनाको पहिलो र तेस्रो शनिवार
नोबेल मेडिकल कलेजबाट

**मेडिसिटी फार्मेसी**
भद्रपुर रोड, बैंक अफ काठमाडौं छेऊ बिर्तामोड
फोन : ०२३-५४१३५९, ९८५२६८२८४५

**उपकार** ब्राण्ड
अब हर घरको शान
स्वस्थ्य र स्वादिलो परिकारको लागि सधै उपकार ब्राण्ड नै रोज्नुहोस्।
नटराज एग्रो प्रा. लि. दमक
शाखा कार्यालय बिर्तामोड, पथरी, इलाम
सम्पर्क: ९८६२२७४४०५, ९८२०७१६१३०, ९८२०७१६११३




ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क
९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ) -**
बोल्दा विचार पुऱ्याउनु पर्छ, खानपानमा ध्यान दिनुहोला। विचार पुऱ्याएर मात्र खर्च गर्नुहोला खर्चिलो योग रहेको छ।

**बृष (इ, उ, ए, ओ, ब ा, बि, बु, बे, बो) -**
आजको दिन अनुकूल देखिन्छ, मिष्ठान्न भोजन मिल्नेछ। छोटो दूरीको यात्रा हुनेछ, विपरीत लिङ्गीको सहयोग प्राप्त हुनेछ, मन प्रशन्न रहला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह) -**
स्वास्थ्यमा ध्यान दिनुहोला, सहयोगीहरूले साथ दिनेछन्, लामो समयदेखि रोकिएर रहेका काम सुचारू हुनेछ, राम्रो जमघटका साथ मिष्ठान्न भोजनको योग रहेको छ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो) -**
सन्तानबाट राम्रो खबर सुन्न पाइनेछ, लामो दूरीको यात्रा हुनेछ, खानपानमा ध्यान दिनुहोला, हतारको निर्णयले काम बिग्रन सक्छ, आम्दानीको लागि कडा परिश्रम गर्नुपर्नेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे) -**
बुद्धिको उपयोगले विद्या तथा धन आर्जन गर्ने समय रहेको छ, आफ्नो विचारले धेरैलाई प्रभावित बनाउन सकिने छ, शुभ खबर सुन्न पाइनेछ।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो) -**
पराक्रम बढ्ने योग छ, दिगो फाइदा हुने कामहरूको शुरूवात हुनेछ, आयआर्जनको श्रोत बढ्नेछ, माया प्रेमको डोरो कसिलो भएर जाने योग रहेको छ।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते) -**
बोलीको प्रभावले आयआर्जनमा पछि परिएला, बोल्दा विचार पुऱ्याउनुहोला, प्रियजनसँग भेट हुने समय रहेको छ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु) -**
समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथी-भाइसँग छोटो दूरीको रमाइलो यात्रा हुनेछ, मन प्रशन्न रहला।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे) -**
उत्तरार्द्धपछि काम बन्ने योग रहेको छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि) -**
खर्चको मात्रा बढेर जानेछ, टाउको सम्बन्धी समस्या बढ्न सक्छ, मन अशान्त रहनेछ, आफन्तको सहयोगले गरेको काममा सफलता मिल्नेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द) -**
अनावश्यक खर्च गर्नुपर्दा मन अशान्त रहन्छ, अवसरका निम्ति निक्कै दौडधुप गर्नुपर्छ, पेट सम्बन्धी समस्याले सताउन सक्छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि) -**
अनावश्यक झन्झटमा परिन सक्छ, धर्मकर्ममा रूची बढेर जानेछ, काम शुरूवात गर्नुअघि कुल देवताको सम्झना गर्नुहोला।